कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कटारी,उदयपुर

कोशी प्रदेश, नेपाल

# आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति .२०८०/०८/२०**

कटारी नगरपालिका , नगर कार्यपालिकाको कार्यालय , कटारीले स्थानीय सरकार संचालन ऐन, २०७४, कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० र कटारी नगरपालिकाको आर्थिक ऐन, २०८०/२०८१ मा उल्लेख भएको दर/रेटका आधारमा विज्ञापन कर ठेक्का वन्दोवस्त गर्न रितपुर्वक ७ (सात) दिने शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । योग्यता पुगेका इच्छुक फर्म/कम्पनीले देहाय बमोजिका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन कर**

| **राजश्व आय ठेक्का नं** | **न्युनतम कबोल रकम ( भ्याट वा अग्रिम आय कर वाहेक ) रु.** | | | | **दरभाउपत्र फारम दस्तुर** |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | कुल जम्मा | |
| ५/२०८०/२०८१ | ३,००,००० /- | ३,३०,०००/- | ३,६३,०००/- | ९,९३,०००/- | रु.१००० |

**शर्तहरु :-**

1. माथि उल्लेखित दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि ७ औं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ र खरिद भएका दरभाउपत्र ८ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
2. ईच्छुक फर्म वा कम्पनीले नविकरण भएको प्रमाण-पत्र ,मुल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र , आ.व. २०७८/२०७९ को कर चुक्ता प्रमाण-पत्र र नेपाली नगरिकताको प्रमाण-पत्रका प्रतिलिपि समेत संलग्न गरी दरभाउपत्र बमोजिम लाग्ने रकम बुझाई (पछि फिर्ता नहुने गरी ) निवेदन पेश गरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
3. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सकल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BANK BID BOND ) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ ।
4. कटारी नगरपालिकाको आर्थिक ऐन २०८० मा उल्लेख दर/रेट अनुसार बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गरिनेछ ।
5. ठेक्को अवधि ३ वर्षको हुनेछ ।
6. कबोल गरेको ठेक्का रकम अंकमा कुनै प्रकारको परिस्थिती देखाई छुट, मिनाहा वा क्षतिपुर्ती दिईने छैन ।

7. दरभाउपत्र स्वीकृत भएपछि बोलपत्र स्वीकृत भएको आसय-पत्र जारी भएको ७ दिन भित्र नियमानुसार आय कर/मु.अ. दर्ता प्रमाणपत्र पत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ । दोस्रो पक्षको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : सूचना आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।
8. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि विज्ञापन करको हकमा कवोल अंकाको रकम यस कटारी न.पा.को रा.ब.बैंक शाखामा रहेको विभाज्य कोष शाखा खाता नं. २०५०१००३०६०१०००२ मा एकमुष्ट रकम जम्मा गरेपछि मात्र सम्झौता गरिने छ । ठेकेदारले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ ।
9. बन्द हडताल,चक्काजाम,लगायत अन्य सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारणबाट कर छुट वा मिनाहा दिन नसकिने हुँदा कवोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।
10. दरभाउपत्रदाताले अदालत, नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति,निर्देशन,तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्ति दावि ठेकेदारले नागरपालिका संग गर्न पाउने छैन ।
11. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ । अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।
12. विज्ञापन करको दररेटको बारेमा विस्तृत विवरण दरभाउपत्र फारम साथ संलग्न गरिएको छ ।
13. शुल्क उठाउने सन्दर्भमा सघीय सरकार, प्रदेश सरकार र कटारी न.पा.बाट निर्देशन भए बमोजिम हुनेछ ।
14. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ । यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**